# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मष्टा गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण निर्देशनालय

(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९

च.नं. ३४७

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

मष्टा गाउँपालिका,

बझाङ ।

**कैफियत सहितको राय**

हामीले मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ३९ लाख ८४ हजार बेरुजु देखिएको छ । सो मध्ये मिति २०७८।७।१३ मा प्राप्त प्रतिकृयाबाट रु.३ लाख ६५ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.२ लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १२ लाख ७७ हजार, नियमित गर्नुपर्ने रु.२० लाख ५१ हजार रहेको छ । यस पालिकाको गत वर्षसम्म रु.१३ करोड ७६ लाख ९९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ६९ लाख ७० हजार रहेको छ ।पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मष्टा गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५९ | २० | १३९८४ | ० | १ | ३६५ | ६० | १९ | १३६१९ | २९१ | २०५१ | ११२७७ | ० | ० | १३३२८ | ० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १३७६९९ | ० | ४४३४८ | ९३३५१ | ० | १३६१९ | १०६९७० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मष्टा गाउँपालिका, बझाङ , मस्ता गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ammar Bahadur Jethara | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gagan Bahadur Gurdhami | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १३,६१९,२६७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४३,५७,५४८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,४१,४३,८०७ | चालु खर्च | १९,६७,२२,१८०.८ |
| प्रदेश सरकारबाट अनुदान | ३,६३,०१,००० | पूँजीगत खर्च | १७,७९,५१,०८८.८ |
| राजश्व बाँडफाँट | ५,१८,६२,९११.४ | वित्तीय/अन्य व्यवस्था | ८,३१,३०,४८१.०६ |
| आन्तरिक आय | ९,४७,४८४.८ | | |
| अन्य आय | ६,७७,९३,९७०.४४ | | |
| कुल आय | ४६,१०,४९,१७३.६४ | कुल खर्च | ४५,७८,०३,७५०.६६ |
| बाँकी मौज्दात | | ७६,०२,९७०.९६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १०९.२४वर्ग किलोमिटर क्षेत्रफल तथा करिव २० हजार जनसंख्या रहेको छ ।<br>**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४४१३७९५। मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ४३५७५४८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५६२४७ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ५६,२४७ |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

| | | | | |
|---|---|---|---|---|
| | | | • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ४ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म११ वटा ऐन, ५ वटा नियमावली, १८ वटा कार्यविधि लगायत ३४ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गराई राजपत्रमा प्रकाशन गरेको छ। | |
| ५ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ६ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष कुनै पनि मुद्दा न्यायिक समितीमा परेको देखिएन। | |
| ७ | | | **योजना र कार्यान्वयन** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ५८ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ५२ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १४ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २५ |
| ५ | ५० लाख भन्दा माथीका | ७ |
| य | **जम्मा** | **१५६** |

यस पालिकामा न्यूनतम रु २५ हजार देखि अधिकतम रु ५ करोड सम्मका १५६ वटा वटा योजना सञ्चालित छन।

८

**बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री भगवति कुमारी वोहोराले २०७७।३।१० गते रु ४१ करोड ०९ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९

**अबण्डा बजेट/समपुरक कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष समपुरक योजनाका लागि भनि रु १ करोड ६९लाख ७६ हजार अबण्डा राखेको छ । उक्त रकम समपुरक योजनामा १ करोड ५५ लाख ४५ खर्च गरेको छ।

१०

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| चालु | १९६८२० | ५१५९९ | ५९८८९ | ८५२३२ | ५८८८१ |
| पूजिगत | १७७९५० | २३९ | ५५१३७ | १२२५७४ | ७०४५४ |
| कूल खर्च: | ३७४७७० | ५१८३८ | ११५०२६ | २०७८०६ | १२९३३५ |
| खर्च प्रतिशत | | ०.१९ | २८.४५ | ६३.३६ | ३६.३६ |

११

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३४२०००००० | ३१४३३७८४.२० | ८.३८ |
| सामाजिक क्षेत्र | १६६४३७२० | १५७०००३०७.१६ | ४१.९० |
| पूर्वाधार विकास क्षेत्र | ११४५८७८०० | १०७४६०६६०.१६ | २८.६९ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | | |
| संस्थागत विकास र सेवा प्रवाह | २२६७५०८० | १७३७१३०३ | ४.६४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७३०९१०४४.७४ | ६१४०७२१५.२६ | १६.३९ |
| **जम्मा** | | **३७४६७३२७०** | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ४१.९० प्रतिशत र सबै भन्दा घटी सँस्थागत विकास र सेवा प्रवाहमा मा ४.६४ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१२

**खर्च बिश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ९ लाख ४७ हजार राजस्व बाँडफाँड ५ करोड १८ लाख ६३ हजार अनुदानबाट रू.३४ करोड ०४ लाख ४५ हजार -समेत रु ३९ करोड ३२ लाख ५५ हजार आम्दानी भएकोमा चालु तर्फ रू. २२ करोड ८२ लाख ८२ हजार र पूँजिगत तर्फ रू. १६ करोड ४९ लाख ७३ हजार समेत रू. २१ करोड ६० लाख ९२ हजार -खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२४१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७३ लाख ४५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७७५.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९ प्रतिशत चालु र ४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । कार्यालयले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१३

**कन्टिन्जेन्सी खर्चको अभिलेख**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ४९ लाख ४९ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ५५ जना कर्मचारीहरु करारमा राखी रु २ करोड ०१ लाख ६३ हजार खर्च लेखेको छ । | |
| १५ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म पनि कल्याणकोष गठन गरेको छैन । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार वन्नुपर्दछ। | |
| १६ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ<br>वडा संख्या: ७; वड सचिवको दरबन्दी: ७; वडा सचिवको पदपूर्ति: ५; रिक्त वडा सचिव: २ | |
| १७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १८ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |


https://nams.oag.gov.np

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २०६० |
| मृत्युदर्ता | ११५ |
| बसाईसराई दर्ता | ११३ |
| विवाह दर्ता | १३४ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | " |
| ग्राभेल सडक निर्माण | " |
| ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

१९

**पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च

| | | | | |
|---|---|---|---|---|
| | | | अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए वमोजिम पदाधिकारी सूविधा वापत वार्षक रु. ५४ लाख ४१ हजार भुक्तानी गरेको छ। | |
| २० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु १७ लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ३२ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.८ लाख ९० हजार विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ०.५ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २२ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १८३७४३८०४ | १७५३३२५०५.७७ | ७३३३४९१.४ | ० |
| | विषेश | २१०००००० | १९९५९९१६ | १०४००८४ | ० |
| | समपुरक | २६००००० | ० | २६००००० | ० |
| **प्रदेश सरकार** | शसर्त | ३३३९००० | ३२९४८३८ | ४४१६२ | ० |
| | विषेश | ६९००००० | ६८४०७३० | ५९२७० | ० |
| | समपुरक | १९०५२००० | १३४०७६८६ | ५६४४३१४ | ० |
| | **जम्मा** | | | | |

२३ **अनुगमन प्रतिवेदन**

विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी सम्वन्धितत प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ। कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित निकायमा पेश गरेको देखिएन।

| स्रोत | योजना सँख्या | कूल खर्च रु |
|---|---|---|
| सँघ विशेष अनुदान | | १९९२११७४ |
| प्रदेश समपुरक अनुदान | | १३४०७६८६ |

२४ **अनुदानको अनुगमन**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु ९ तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु १८ लाख गरी रु २७ लाख खर्च लेखेका छन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १४७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ५ करोड ९४ लाख ४७ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २६ | | | **विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी एकिकृत प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त एकिकृत प्रतिवेदन तयार गरेको छैन । कार्यालयले जिन्सी मालसामान खरीद गर्दा जिन्सी शाखाले खरिद गरी जिन्सी सामानको आवश्यकता अनुसार माग फाराम भरी निकासा दिनुपर्नेमा शाखा र वडा पिच्छे मालसामान खरिद गर्ने गरेको पाइयो ।यसरी खरिद गरेको सामानको आम्दानी कार्यालयको स्टोरमा नदेखिने हुनाले वर्षभरिमा कार्यालयमा कति मालसामान खरिद भई कति खर्च भयो र कति बांकी छ भन्ने कुरा थाहा नहुने साथै विभिन्न शाखा र वडा कार्यालयहरुले खरिद गरेको सामान आम्दानी बांध्न छुट्न सक्ने र सवै मालसामान खर्च देखाउने हुनाले कार्यालयले मालसामान खरिद गर्दा जिन्सी शाखा मार्फत खरिद गरी आम्दानी जनाई माग फारामको आधारमा अन्य विषयगत शाखा र वडा कार्यालयहरुलाई निकासा दिनुपर्दछ । | |
| २७ | | | **एकै प्रकृतिको सामान फरक पानामा आम्दानी**<br>जिन्सी सामानको आम्दानी बांध्दा एकै प्रकृति, किसिम र प्रकारको सामान जिन्सी खाताको एउटै पानामा बांध्नु पर्नेमा फरक फरक पानामा आम्दानी बांधेको पाइयो । एकै प्रकृति, किसिम र प्रकारको सामानको फरक फरक पानामा आम्दानी बांध्दा उक्त सामानहरु आम्दानी परिमाण सजिलै एकिन गर्न नसकिने हुनाले प्रकृति अनुसार मात्र अलग अलग पानामा आम्दानी बांध्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **जिन्सी निरीक्षण प्रतिबेदन**<br>उक्त नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २९ | | | **जिन्सी खाता**<br>लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ । | |
| ३० | | | **नग्रा दोवाटो सडक निर्माण**<br>८२।०७७।११।१२ नग्रा दोवाटो सडक निर्माणको कन्टेन्जेन्सीबाट गाउंपालिकाको ट्रष्ट भवन निर्माण कार्यको उपभोक्ता समितिलाई रु. ३५८९५७।- भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको लागत अनुमान रु. १९८३५७६।– उल्लेख भएकोमा सोको स्विकृत लागत अनुमान, ड्रइंग तथा सम्झौता पेश भएको देखिएन।. | |
| ३१ | | | **जटिलसंनरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : (see table below)<br>नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ३२ | | | **परामर्श खर्च** | |

Table in item ३१:

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ८२।०७७।११।१२ | गा.पा. भवन निर्माण उपभोक्ता समिति | भवन | ३५८९६७ |
| | **जम्मा** | | |

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार नगरी परामर्श दाताले पालिकाबाट परामर्शको लागि स्वीकृत बजेट बमोजिमकै आर्थिक प्रस्ताव पेश गरी स्विकृत बजेट पूरै भुक्तानी गरेको उपयुक्त देखिएन ।तसर्थ परामर्श सेवा खरिद कार्यमा प्रतिस्पर्धा भएको भन्न सकिने आधार छैन । पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा यथोचित प्रतिस्पर्धा नगराई खरिद गरी रु. ४८४६०००।- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । यस्तो कार्य गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|
| भवानी मालिका पार्क | वाइ वि डिजाइनर एण्ड डेभलपर्स | १४७५००० | १४७५००० |
| मालिका पार्क | केएस क्यूव इन्जिनियरिङ सोलुसन प्रा.लि. | १९८५००० | १९८५००० |
| बासुधारा सिंचाई कुलो | तारावा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १३८६००० | १३८६००० |
| जम्मा | | | ४८४६००० |

३३

**सवार सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे र १ थान एक्साभेटर गरी सवारी साधन खरिदमा रु.४५६८०० खर्च गरेका छन् । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | १ | २६५९०० |
| २ | मोटरसाइकल | १ | २८०९०० |
| ३ | जेसिबि | १ | ४०१०००० |
| **जम्मा** | | | **४५६८००** |

३४

**सामानको स्पेसिफिकेसन तयार नगरेको**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका उपर्युक्त माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन र उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषत भए नभएको एकिन गर्न सकिएन ।आवश्यक गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी हुनु पर्दछ ।

३५

**मर्मत** १९९,०११

११६।०७७।१२।२९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपरेमा सोको लिखित जानकारी सामानको उपयोग गर्ने कर्मचारीले सो निकायको प्रमुखलाई दिनुपर्ने र उपनियम ३ मा उपकरण वा पार्टपूर्जा खरीद गरेकोमा रु. ५ हजार भन्दा बढीको जिन्सी दाखिला गराई अभिलेख राख्नुपर्ने र त्यस्ता पुराना सामान प्रतिस्थापन गरेको कुरा सम्वन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना जिन्सी सामान जिन्सी दाखिला गराउनु पर्नेमा कार्यालयले बाट रु. ८२०००।– को ४ थान टायर खरीद गरी भुक्तानी गरेकोमा मर्मत आदेश, जिन्सी दाखिला बेगर खरिद गरेकोले अनियमित देखिएको रु.

| गो. भौ.नं. | सामानको विवरण | फर्मको नाम | संख्या | रकम |
|---|---|---|---|---|
| ११६।०७७।१२।२९ | टायर खरिद | न्यू शिखर इन्टरप्राइजेज | ४ थान | ८२००० |
| २५६।०७८।३।१७ | जेसिवि मर्मत | अभिशेक अटो | विभिन्न १७ सामान | ११७०११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ३६ | | | **ठेक्का फाइल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(२) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति उपनियम २ मा उल्लेखित कागजातहरु राखी छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न ठेक्का सम्झौता गरेकोमा सोको खरीद कारबाहीको छुट्टै फाइल खडा गरी व्यवस्थित अभिलेख राखेको पाइएन । अत कार्यालयले हरेक खरिद कार्वाहीको छुट्टै फाइल खडा गरी अभिलेख व्यवस्थित राख्नु पर्दछ । | |
| ३७ | | | **निर्माण कार्यको ड्रइङ डिजायन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र सो सम्वन्धी प्रमाण लेखापरीक्षणमा पेश नगरकोले उक्त निर्माण कार्यहरुको सम्वन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन ।अत: नियम अनुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ । | |
| ३८ | | | **कन्टेन्जेन्सीबाट अत्याधिक दैनिक तथा भ्रमण भत्ता**<br>पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्तामा अत्याधिक खर्च गर्ने गरेको छ ।दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन । | |
| ३९ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७५।०७७।११।१२ | भिमढुंगा मालिका सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | ६३०७१३९ | एक्साभेटर | ६३०२९७।९४ |
| ८१।०७७।१२।१२ | बांडेगाउं नाग्रा सडकनिर्माण उपभोक्ता समिति | सडक खन्ने | २९७६२५९ | एक्साभेटर | ६५५२०० |
| १९।०७७।१२।३ | तल्लोचौर सडक निर्माणउपभोक्ता समिति | सडक खन्ने | ७६७१०२ | एक्साभेटर | १४९४०० |
| १०६।०७७।१२।४ | चौकीडांडा सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | ३२४१४१८ | एक्साभेटर | ८०२२०० |
| १०७।०७७।१२।४ | डुंग्री सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | ९४४७२६ | एक्साभेटर | ९४४७२६ |
| १११।।०७७।१२।६ | रीलुगाड देखि धौलामिरी सडक | सडक खन्ने | १९६४८९० | एक्साभेटर | |
| २५७।०७८।३।१७ | लटौक सडक निर्माण | सडक खन्ने | १५३५५८ | एक्साभेटर | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४०

**मु अ कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मुअकर मा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मुअकर योग्य बस्तु तथा सेवा बिक्रीमा मुअकर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मु अ करमा दर्ता भएको फर्मबाट एक्साभेटर तथा मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सेतो कागजमा भरपाई पेश गरेको देखियो । जसले गर्दा निजले बिक्रीमा असुल गरेको मुअकर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नजनाउन सक्ने सम्भावना रहन्छ । अतः यस पालिकाबाट भुक्तानी भएको निम्नानुसार रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रू

२,२८०,९००

| भौ न मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | भुक्तानी भएको भाडा रकम |
|---|---|---|---|
| ८१।०७७।१२।१२ | बांडेगाउं नाग्रा सडकनिर्माण उपभोक्ता समिति | मष्टा देव दर्शन प्रा.लि. | ६५५२०० |
| १९।०७७।१२।३ | तल्लोचौर सडक निर्माणउपभोक्ता समिति | मुनाल कन्स्टक्सन | १४९४०० |
| १०६।०७७।१२।४ | चौकीडांडा सडक निर्माण उपभोक्ता समिति | देवदर्शन कम्पनी प्रा.लि. | ४०११०० |
| १०६।०७७।१२।४ | चौकीडांडा सडक निर्माण उपभोक्ता समिति | शिवेश्वर निर्माण सेवा | ४०११०० |
| १०७।०७७।१२।४ | डुंग्री सडक निर्माण उपभोक्ता समिति | शिवेश्वर निर्माण सेवा | २०७६०० |
| २५७।०७८।३।१७ | लटौक सडक निर्माण उपभोक्ता समिति | | ५५८०० |
| १११।२०७७।१२।६ | रीलुगाऊ सडक | | ४१०७०० |
| | जम्मा | | २२८०९०० |

४१ **प्रमाण कागजात** ११२,९९०

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम भुक्तानी गरेकोमा कैफियत देखिएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

| गौ.भौ.नं/ मिति | विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|
| १८२।०७८।२।५ | मिटिङको खाजा खर्च | ११२९९० | मिटिङको माइन्यूट नभएको र ६ थान विलमा विलमिति उल्लेख नभएको |
| जम्मा | | ११२९९० | |

४२ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोके झै बीमा गरेको अवस्था छैन। भवन निर्माण, विद्युत गृह जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ।

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | लागत अनुमानमुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| १ | रकाल कन्स्ट्रक्सन | वडा नं. २ कार्यालय भवन | ३४९३९४९।२१ | ३१२२७७६।६६ |
| २ | मष्टा देव दर्शन कम्पनी प्रा.लि. | वडा नं. ३ कार्यालय भवन | 4148761.00 | 4049825.00 |

४३

**गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

४४

**टुक्रा पारी खरिद** १,३८४,५२०

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। निम्नानुसारको खरिद कार्य गर्दा प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा पालिकाले ५ लाखको सीमा भित्रका टुक्रा टुक्रा पारी खरिद गरिएकोले प्रतिस्पर्धा सीमित हुन गएको छ। नियमावलीले गरेको व्यवस्था विपरीत गरी गरिएको कार्य नगरेकोले सो खरिद कार्य नियम सम्मत नदेखिएको रु.

| गौ.भौ.नं/ मिति | निर्माण कार्यको नाम | फर्मको नाम | भुक्तानी |
|---|---|---|---|
| ३७९।०७७।३।२८ | बांडेगाउं ढल निकास | खप्तड निर्माण सेवा | ४९९९०३।।५७ |
| ३८४।०७८।३।२८ | लेकीखौला गौना नाग्रा सडक | सुप्रिम निर्माण सेवा | ४९३२२६ |
| ३८१।०७८।३।२१ | डुंग्री भुस्या सडक | पुवार कन्स्ट्रक्सन | ४९६९९९.९८ |
| जम्मा | | | १३८४५२०.९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | | | | **अन्य संस्थालाई भुक्तानी**<br>३८५।०७८।३।२८ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ४३ बमोजिम कुनै अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरि सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ र स्थानिय तहले नेपाल सरकारबाट प्राप्त अनुदान रकम मितव्ययिता, प्रभावकारीता र दक्षता पूर्वक स्थानिय विकास कार्यमा खर्च गर्नु पर्दछ । तर गाँउपालिकाले निजामति कर्मचारी संगठनको भवन झपेन्द्र स्मृति भवन निर्माणको लागि रु. २९९८८६।- भुक्तानी गरेको देखिएकोले यसरी भुक्तानी दिएको रकम नियमावली विपरित देखिएकोले नियमित हुनुपर्ने रु. | २९९,८८६ |
| ४६ | | | | **शिर्षक फरक पारी खर्च**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार चालु खर्चहरु चालु शिर्षकबाट लेख्नुपर्नेमा शिर्षक फरक पारी खर्च देखिएको देखिएकोले उक्त खर्च रु.७६६५८४७।- नियमित गर्नुपर्ने रु. | ७,६६५,८४७ |

| गौ.भौ.नं. | विवरण | रकम |
|---|---|---|
| विभिन्न | आधारभूत स्वास्थ्य केन्द्र र सहजकर्ताको तलव भत्ता पूजिगतबाट गरेको | १९५३५६० |
| | वडाहरुलाई चालु खर्चको शोधभर्ना | ९५९७०० |
| १८१।०७८।२।४ | स्टेशनरी सामान मेशिनरी शिर्षकबाट खरिद गरेको | २७९२०९ |
| २३३।०७८।३।१४ | परिक्षा सन्चालन खर्च मेशिनरी औजार शिर्षकबाट गरेको | ३९९६२ |
| विभिन्न | दैनिक भ्रमण भत्ता, इन्धन, सूचना प्रकाशन, खाजा खर्च आदि खर्चहरु मेशिनरी औजार खर्च शिर्षकबाट लेखेको | २४४१५१८ |
| विभिन्न | कोभिड कोषबाट लेख्नुपर्नेमा पूजिगतबाट खर्च लेखेको | ५८८११० |
| विभिन्न | खाजा, मर्मत ,सूचना प्रकाशन, इन्धन, कार्यालय सामान,छपाई सम्बन्धी खर्च पूजिगत परामर्श शिर्षकबाट लेखेको | १३८३९४८ |
| जम्मा | | ७६६५८४७ |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १७ करोड ७९ लाख ५१ हजार पूँजीगत खरिद तथा निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४८ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणला्इ अनिवार्य गर्नु पर्दछ । | |
| ४९ | | | **मालसमान तथा उपकरण खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । | |
| ५० | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १४९ र पदपूर्तिमा स्थायी ६६ र ८२ जना करारमा राखि कार्यसञ्चालन गरेको अवस्था छ एवं विद्यार्थीको संख्या ६०८२ रहेको देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु २६ लाख ५६ हजार का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ५१.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ५१.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ५१.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५१.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ५१.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **वितरित भरपाईको आधिकारिकता** | |

प्रदेश आर्थिक कार्यविधी नियमावली २०७६ को दफा मा स्वीकृत वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु व्यवस्था छ। कार्यालयबाट सञ्चालित निम्न कार्यक्रममा सञ्चालन भएका वितरण भरपाईमा मिती समेत खुल्दैन , केहिमा सँख्या किटान नभएको ,केहिमा हस्ताक्षर नै नरहेको समेत पाईयो।साथै सवै भरपाईहरु सादा पानामा तथा गाउपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन। वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु वुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका विलभरपाई तयार गरी सो लाई आधिकारिक व्यक्तिबाट प्रमाणित भई आएपछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

| गो भौ/मिती | कार्यक्रमको नाम | कार्यक्रम खर्च रु |
|---|---|---|
| ११९।२०७८।३।२३ | ओखलढुङ्ङ्गा वाख्रापालन समुह सदस्यहरुलाई वितरण २४ वाख्रा | २४०००० |
| १२१।२०७८।३।२३ | मालिका वाख्रापालन समुह सदस्यहरुलाई वितरण २४ वाख्रा | २४०००० |
| १२२।२०७८।३।२३ | निलखटी वाख्रापालन समुह सदस्यहरुलाई वितरण २४ वाख्रा | २४०००० |
| १२३।२०७८।३।२३ | कैलाश वाख्रापालन समुह सदस्यहरुलाई वितरण २४ वाख्रा | २४०००० |

५३ **अनुगमन भत्ता** २५३,४८०

स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा पदाधिकारी सेवासुविधा सम्वन्धी ऐन २०७६ मा पदाधिकारीहरुले अनुगमन वापतको भत्ता लिन पाऊने कुनै पनि व्यवस्था रहेको देखिदैन। कार्यालयले वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयमा अनुगमन खर्च भनि भुक्तान गरेको निम्न वमोजिमको रकम नियमसम्मत नदेखिएको रु

| **गो भौ** | **कार्यक्रम विवरण** | **रकम रु** | **कर पछिको रकम रु** |
|---|---|---|---|
| १३७।२०७८।३।२४ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम १५ जना | १४५००० | १४५००० |
| १४३।२०७८।३।२८ | नखुलेको | १००८०० | १००८०० |
| ३०।२०७७।१२।१०सँघिय पूजिगत | उद्यम विकास तालिम | ४४०० | ३८४० |
| ३१।२०७७।१२।१० | उद्यम विकास तालिम | ४४०० | ३८४० |
| **जम्मा** | | | **२५३४८०** |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **आयकर**<br>आयकर ऐन २०५८ को दफा ८७ र आर्थिक ऐन २०७७ वमोजिम पारिश्रमिक आयमा जुन वर्षमा आय प्राप्त हुन्छ सोहि वर्ष ऐनको व्यवस्था वमोजिम तोकिएको पारिश्रमिक कट्टा गर्नुपर्ने वयवस्था रहेको छ। गाउपालिकाका पदाधिकारीहरुलाई यस वर्षा २०७६ साल कार्तिक देखि २०७८ साल असार सम्मको स्थानिय पदाधिकारी सेवामा उल्लेखित सुविधा वापतको रकम एकमुष्ट भुक्तानी भएको छ। गाउपालकाका देहायका पदाधिकारीको सुविधा वापतको रकममा वार्षिक छुट कटाई वाकी रहेको रकममा पहिलो १ लाखमा १०%, दोस्रो २ लाखमा २०% तथा सो भन्दा माथि ३० % का दरले हुने पारिश्रमिक कर असूल गरि दाखिला हुनुपर्ने रु | ५९,७०० |

| पद/नाम | वार्षिक आय रु | वार्षिक छुट सथानिय छुट सहित | कर योग्य रकम रु | कर रकम रु |
|---|---|---|---|---|
| अध्यक्ष कर्ण वहादुर कठायत | ७४९५०० | ५०००० | २४९५०० | ३९९०० |
| उपाधयक्ष भगवति कुमारी वोहोरा | ६४९००० | ५०००० | १४९००० | १९८०० |
| जम्मा | | | | ५९७०० |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **फोटोकपि विलका आधारमा भुक्तानी**<br>कार्यालयले गो भौ १०५।२०७८।२।१९ बाट ४९ वायोमास जडान खर्च वापतको रकम सोलार हम्स प्रा लि वनस्थली लाई रु २००००० भुक्तानी भएको छ।सक्कल विल पेश हुनुपर्ने रु | २००,००० |
| ५६ | | | **घटी वितरण**<br>कार्यालयले निम्न कार्यक्रमहरुमा वितरण कार्यक्रम समपन्न भनि भुक्तानी भएको कार्यक्रम वापतको भुक्तानीमा घटी वितरण भरपाईका कार्यक्रम समपन्न वानाई खर्च गरेको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु | ६७,८०० |

| **गो भौ/कार्यक्रम** | **खरिद** | | **वितरण भरपाई** | | **अपुग भरपाई** | |
|---|---|---|---|---|---|---|
| | **सँख्या** | **रकम रु** | **सँख्या** | **रकम रु** | **सँख्या** | **रकम रु** |
| १३६।२०७८।३।२१ हजारी वितरण | २२५ | १३५००० | ११२ | ६७२०० | ११३ | ६७८०० |

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **कार्यपत्रवेगरको प्रशिक्षण भत्ता**<br>कार्यसञ्चालन निर्देशिका २०७५ को परिच्छेद ७.१.१५ मा तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षण वापतको भत्ता निर्धारण गरेको छ।कार्यलयले कार्यपत्र विना नै प्रशिक्षण भत्ता वापतको भुक्तानी भएको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु | ४८,९६० |

| **गो भौ** | **कार्यक्रम** | **भत्ता रकम रु** | **कर कट्टी पछिको रकम रु** |
|---|---|---|---|
| १८५।२०७८।३।३० | महिला हिँसा विरुद्वको कार्यक्रम ४ शेसन | ६४०० | ५४४० |
| ३०।२०७७।१२।१० सँघिय पूजिगत | उद्यम विकास तालिम १६ शेसन | २५६०० | २१७६० |
| ३१।२०७७।१२।१० | उद्यम विकास तालिम १६ शेसन | २५६०० | २१७६० |
| | | | **४८९६०** |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **उदघाटन/विशिष्ट व्यक्ति भत्ता**<br>स्थानिय सरकार सँञचालन ऐन २०७४ तथा सुदुरपश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी सेवा सुविधा ऐन २०७५ मा पदाधिकारीहरुले विशिष्ट व्यक्ति तथा उदघाटन भत्ता पाउने कुनै व्यवस्था रहेको देखिदैन। कार्यालय निम्न वमोजिम खुवाएको विशिष्ट व्यक्ति भत्ता सम्वन्धित बाट असूल हुनुपर्ने रु | २७,३३० |

| **गो भौ** | **कार्यक्रम विवरण** | **रकम रु** | **कर कट्टी पछिको रकम रु** |
|---|---|---|---|
| ३८।२०७७।१२।३० | ... | ३००० | २२५० |
| १०५।२०७८।२।१९ | महिला हिँसा विरुद्वको सचेतना कार्यक्रम | ६८०० | ९७८० |
| १८३।२०७८।३।३० | पोषण कार्यक्रम | १५२०० | १२९२० |
| १८७।२० | पोषण कार्यक्रम | २८०० | २३८० |
| जम्मा | | | २७३३० |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **अधुरो कार्य**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो भौ ७७।२०७७।९।२ बाट मष्टा गाउँपालका र साइपाल मिडिया प्रा लि बीच भएको सम्झौतामा सम्झौता नं (ग) मा सूचना प्रशारण गरेवापत आधिकारीक प्रमाणको रुपमा दोस्रो पक्षले पहिलो पक्षलाई सूचना बजाएको प्रमाण स्वरुप सि. डि. पेश गर्नु गर्ने उल्लेख छ । तर साइपाल मिडिया प्रा लि ले उपलब्ध गराउने भनेको जिगल सहितको सि डि कार्यालयमा खालि पठाएकोले उक्त साइपाल मिडिया प्रा लि लाई कानुनी दायरामा ल्याइ भुक्तानी गरेको रु २७१२०। असूल गरी दाखिला गर्नुपर्ने रु | २७,१२० |
| ६० | | | **जिन्सी दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि नियमवली २०७६ को दफा ४८(२) मा कार्यालयले खरिद गरेका मालसामानको जिन्सी लगत तयार गरि ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गो भो ४४८।२०७८।३।२९ पालिकाले शिवराम मोबाईल ग्यालरी एण्ड इलेक्ट्रोनिक्स लगाएत विभिन्न ठाउँबाट विभिन्न मितिमा क्यानन कार्टेज लगाएतका सामाग्री विभिन्न पाटिबाट खरिद गरि रु ३६५०००।०० भुक्तानी गरेकोमा उक्त सामाग्री दाखिला गरेको छैन । उक्त सामाग्रीको लगत तयार गरी जिन्सी किताबमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | ३६५,००० |
| ६१ | | | **जिन्सी दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि नियमवली २०७६ को दफा ४८(२) मा कार्यालयले खरिद गरेका मालसामानको जिन्सी लगत तयार गरि ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गो भौ ३८९।२०७८।३।१५ बाट वडा नं ५ को विविध खर्चबाट मानिस मेटल एण्ड सप्लायर्स लगाएतका पाटिबाट प्लाष्टिक कुर्सि लगाएतका सामाग्री खरिद गरि रु १०००००। भुक्तानी गरेकोमा उक्त सामाग्री दाखिला गरेको छैन । | |
| ६२ | | | **कर कट्टी**<br>आयकर ऐन २०५८ को दफा ८८ १ मा कुनै पनि कुनै पनि किसिमको सहायता रकम संघ संस्थालाई अनुदान दिदा १५ प्रतिशत अग्रीम आयकार काटी बाँकी भएको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ २५।२०७७।१०।१७ बाट बोलन्यन थली (६१३१६५८४२) लाई रु ३४०५६।०० आर्थिक सहायता दिदा अग्रीम १५ प्रतिशत अग्रीम आयकर नकाटी सोझै वितरण गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार कर कट्टा नगरेको रकम असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ५,१०८ |
| ६३ | | | **भ्रमण भत्ता भुक्तानी**<br>भ्रमाण खर्च नियमावली २०६४ को नियम ७(६) (क) मा पदाधिकारी वा कर्मचारीलाई भ्रमण ७ दिन सम्मा भ्रमण वा काजमा खटाउन सकिने व्यवस्था छ । कार्यालयले गो भौ ७२।२०७७।९।१अधिकृत छैठौं श्री झलक बहादुर दौल्याललाई काठमाडौं कामकाजको सिलसिलामा गाएको भनी २०७७।४।१४-२५ गते सम्माको भ्रमण भत्ता रु १७६० का दरले रु २२८८०।०० भुक्तानी गरेको छ । नियमावलीमा तोकिएको दिन भन्दा बढी दिनको भुक्तानी रकम असूल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु | ११,८८० |
| ६४ | | | **सहजिकरण भत्ता** | ४३,२०० |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय स्वायत्त शासन ऐन २०७४ र पदाधिकारीको सुविधा सम्वन्धी ऐन २०७५ मा पदाधिकारीलाई तालिम सहजिकरण गरेवापतको भत्ता भुक्तानी गर्न पाइने व्यवथा छैन । पालिकाले गो भौ २०३।२०७७।११।२ बाट १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियानमा वडा नं १-७ सम्म कार्यक्रम सञ्चालन गरेवापत पालिका अध्यक्ष सहित १२ जनालाई दैनिक १६०० का दरले रु ४३२००। भुक्तानी गरेको छ । ऐनमा तोकिएको सुविधा वेगरको भत्ता भुक्तनी गर्न नमिल्ने भएकोले उक्त रकम असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | |
| ६५ | | | **जिन्सी दाखिला**<br>प्रदेश आर्थिक कार्यविधि नियमवली २०७६ को दफा ४८(२) मा कार्यालयले खरिद गरेका मालसामानको जिन्सी लगत तयार गरि ७ दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ ४४८।२०७८।३।२९ बाट शिवराम मोबाईल ग्यालरी एण्ड इलेक्ट्रोनिक्स लगाएत विभिन्न ठाउँबाट विभिन्न मितिमा क्यानन कार्टेज लगाएतका सामाग्री विभिन्न पाटिबाट खरिद गरि रु ३६५०००।०० भुक्तानी गरेकोमा उक्त सामाग्री दाखिला गरेको छैन । उक्त सामाग्रीको लगत तयार गरी जिन्सी किताबमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु<br>**कार्यालयको मिति २०७८।७।१३ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु३६५०००। मिति २०७९।२।१८ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो** । | |
| ६६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस गाउपालिका भित्रका ७ वडाहरुमा १८ योजनाहरु सञ्चालन गरी यस वर्ष १६५ जनालाई रोजगारी उपलव्ध गराई रु १ करोड १७ लाख ३५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई ७२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ६७ | | | **सामाजिक सुरक्षातर्फ**<br>कार्यालयले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु ५५२९९९०१। प्राप्त गरेकोमा रु ५५२९९९०१।नै भएको देखिन्छ। | |
| ६८ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिती गठन भएतापनि १४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ । | |
| ७० | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७१ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । | |
| ७२ | | | **कोभिड १९ तर्फ**<br>आ.व २०७७।७८ को असाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः<br><br>यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | १२२३००० | राहत वितरण | |
| स्थानीय तहको आफ्नै वजेटवाट | ५०००००० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | २२००००० |
| संघीय कोभिड कोषवाट | १०००००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | ११२८००० |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | |
| | | जोखिम भत्ता | |
| | | जनशक्ति परिचालन | १६००००० |
| | | अन्य खर्च | ५००००० |
| | | वाँकी | १७९५००० |
| जम्मा | ७२२३००० | | ७२२३००० |

७२.१ कोभिड कोषमा गत आ व को मौजदात १२२३००० र यसवर्षको रु ६०००००० सहित रु ७२२३०००।जम्मा रहेकोमा यस वर्ष रु५४२८०००।खर्च भई रु १७९५०००। मौजदात रहेको देखिन्छ।

७२.२ विपत व्यवसथापन मौज्दात : कार्यालयले शिर्षकगत खर्च हेर्दा यस वर्ष प्रकोप विपत व्यवस्थापन/कोभिड कोषको जम्मा आय रु५३५१३३७। मध्ये रु ४८५९१९६ खर्च भई रु ४९२१४१।बाकी मौजदात रहेको देखिन्छ।

७३ **पेश्की बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| धनातोली झो पू | मोविलाईजेशन | ७५९००० | |


https://nams.oag.gov.np

७४ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू** ५१०,२८८

आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्यौंट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फस्यौंट नभएकोले नियमानुसार फस्यौंट हुनु पर्दछ ।

खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश नभएको रु

- गो भौ ३३१।२०७८।३।२५ किताव छपाईवापत गोपाल व कठायत रु४७७५८
- गो भौ ३३४।२०७८।३।२५ ईन्धन खरिद लक्ष्मण जोशी रु २१६२०६
- गो भौ ३९७।२०७८।३।२९ सामान खरिद शिवराम ईलोक्ट्रिकस रु ११७६१९
- ४००।२०७८।३।२९ सामान खरिद विराञ्ज एग्रोभेट रु ६३६८०
- ४०१।२०७८।३।२९ सामान खरिद सुर्मा एग्रोभेट रु ६४०२५

७५ अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । ( रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १३७६९९ | ४४३४८ | ९३३५१ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।


https://nams.oag.gov.np

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | सम्परीक्षण |
|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ३२ | एक करोड सम्म लागत अनुमानका निर्माण कार्य मात्र स्थानिय स्रोत साधन प्रयोग गरी उपभोक्ता समिती मार्फत गर्नुपर्नेमा त्यो सिमा भन्दा वढी लागत अनुमानका योजनाहरु को भुक्तानी नियम सम्मत नदेखिएको रु ४८१०००० | ग्रामिण सडकहरुको कम वजेटको कारण वजेट अनुसारको इष्टीमेट गरि दिएकोले सभाको निर्णयका आधारमा वेरुजु फर्छौट भई आएकाले | ४८१०००० |
| २ | २०७६।७७ | | एक करोड सम्म लागत अनुमानका निर्माण कार्य मात्र स्थानिय स्रोत साधन प्रयोग गरी उपभोक्ता समिती मार्फत गर्नुपर्नेमा त्यो सिमा भन्दा वढी लागत अनुमानका योजनाहरु को भुक्तानी नियम सम्मत नदेखिएको रु ७५९१९०० | ग्रामिण सडकहरुको कम वजेटको कारण वजेट अनुसारको इष्टीमेट गरि दिएकोले सभाको निर्णयका आधारमा वेरुजु फर्छौट भई आएकाले | ७५९१९०० |
| ३ | २०७६।७७ | ३३ | पेश्की नजनाई वजेट खर्च लेखेको रु २७००००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २७००००० |
| ४ | २०७६।७७ | ३३ | पेश्की नजनाई वजेट खर्च लेखेको रु २५००००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | २५००००० |
| ५ | २०७५।७६ | ३३ | पेश्की नजनाई वजेट खर्च लेखेको रु १३००००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकाले | १३००००० |
| ६ | २०७५।७६ | ४३ | दाखिला तथा प्रमाण पेश नभएको रु५०४०८६ | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकोले | ५०४०८६ |
| ७ | २०७५।७६ | ४३ | दाखिला तथा प्रमाण पेश नभएको रु५५०००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई | ५५०००० |


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आएकोले | |
| ८ | २०७५।७६ | ३२ | आवश्यक प्रमाण पेश नभएको रु३०६०००० | प्रमाणका आधारमा वेरुजु फर्छौट भई आएकोले | ३०६०००० |
| ९ | २०७५।७६ | ३२ | प्राविधिक मूल्याँकन नपुगेको द्वारिका ल ज वि रु ८००००० | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | ८००००० |
| १० | २०७५।७६ | ३२ | प्राविधिक मूल्याँकन नपुगेको द्वारिका ल ज वि रु २६६०४० | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | २६६०४० |
| ११ | २०७५।७६ | ३२ | उकाली देखि शारदा सडकको प्राविधिक मूल्याँकन पेश नभएको रु ४००००० | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | ४००००० |
| १२ | २०७५।७६ | ३२ | काडापानी खानेपानी को प्राविधिक मूल्याँकन पेश नभएको रु २००००० | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | २००००० |
| १३ | २०७५।७६ | ३२ | मल्लो चल्लो पन्ना खानेपानी को प्राविधिक मूल्याँकन पेश नभएको रु | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | ९७८९४२ |
| १४ | २०७५।७६ | ३२ | पारातापे खानेपानी को प्राविधिक मूल्याँकन पेश नभएको रु १०६११४३ | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | १०६११४३ |
| १५ | २०७५।७६ | ३२ | मष्टा गा पा कोघेरवार को प्राविधिक मूल्याँकन पेश नभएको रु १४००००० | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | १४००००० |
| १६ | २०७६।७७ | ५६ | सहजिकरण भत्ता रु ४२५० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ४२५० |
| १७ | २०७६।७७ | ५६ | अम्मर वहादुर जेठाराको गोष्ठी भत्ता रु ३०६० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ३०६० |
| १८ | २०७६।७७ | ५१ | प्राविधिक मूल्याँकन नभएको रु १८४२२८५६ | मूल्याँकन पेशभई वेरुजु फर्छौट भई आएकोले | १८४२२८५६ |
| १९ | २०७६।७७ | ६३ | वैठक भत्ता असूलि हुनुपर्ने रु १६८१३८५ | वेरुज खातामा दाखिला भौचरका | २५९२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आधारमा वेरुजु फर्छौट भई आएकाले | |
| २० | २०७६।७७ | ४५ | कम कर शयाम थापाकट्टी रु८१२ | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ८१२ |
| २१ | २०७६।७७ | ४५ | कम कर कट्टी श्याम थापा रु४२४ | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ४२४ |
| २२ | २०७६।७७ | ५२ | कम कर कट्टी रमेश कुमार खड्का रु२५०० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | २५०० |
| २१ | २०७६।७७ | ५६ | कम कर कट्टी निशा कुमारी जेठारा रु१३१० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | १३१० |
| २२ | २०७६।७७ | ४६ | वढी भुक्तानी जनकराज पाध्य रु ३०३० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ३०३० |
| २३ | २०७६।७७ | ५० | वढी भुक्तानी भिम वहादुर वोहोरा रु ११३५० | वेरुज खातामा दाखिला भौचरका आधारमा वेरुजु फर्छौट भई आएकाले | ११३५० |
| जम्मा | | | | | ४४३४७६२८ |

७६

बेरुजु अद्यावधिक

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १३७६९९ | ४४३४८ | १३६१९ | ० | १०६९७० |


https://nams.oag.gov.np